# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## विनियोजन ऐन

रैनादेवी छहरा गाउँपालिका, पाल्पाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।

सभाबाट स्वीकृत मितिः २०७७/०३/१०

__प्रस्तावना__: रैनादेवी छहरा गाउँपालिका, पाल्पाको आर्थिक बर्ष २०७७/७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियिजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा(२) बमोजिम रैनादेवी छहरा गाउँपालिका, पाल्पाको गाउँसभाले यो ऐन बनाएको छ।

१. __संक्षिप्त नाम र प्राबधानः__

   १. यस ऐनको नाम "रैनादेवी छहरा गाउँपालिका, पाल्पाको विनियोजन ऐन, २०७७" रहेको छ।

   २. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. __आर्थिक बर्ष २०७७/७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः__

   १. आर्थिक बर्ष २०७७/७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा तथा कार्यहरुका निमित्त अनुसुची (१) मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरि जम्मा रकम ६०,४९,६४,०००/- (अक्षरुपी रुपैंया साठी करोड उनान्पचास लाख चौसट्ठी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

रैनादेवी छहरा गाउँपालिका

३. **<u>विनियोजनः</u>**

१. यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७७/७८ को निमित्त रैनादेवी छहरा गाउँपालिका, पाल्पाको गाउँ कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएका भएतापनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ।यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ।पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्थाको खर्च व्योहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

३. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ साभाको स्वीकृति लिनु पर्नेछ।

रैनादेवी छहरा गाउँपालिका